चन्दननाथ नगरपालिका, जुम्ला र
नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखावीच

# शहरी पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन परियोजना
# Strengthening Urban Preparedness and Emergency Response(SUPER) Project

सञ्चालन गर्ने सम्वन्धमा गरिएको

# सहमति पत्र

२०८० साल असोज ७ गते खलँगा जुम्ला

# चन्दननाथ नगरपालिका र नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखावीच शहरी पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन परियोजना (Strengthening Urban Preparedness and Emergency Response-SUPER Project) सञ्चालन गर्ने सम्वन्धमा गरिएको

## सहमति पत्र

**पृष्ठभूमी :**

नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभाग अन्तर्गत स्वीस रेडक्रसको साझेदारीमा लक्षित समुदायको शहरी विपद जोखिम घटाउन योगदान पु-याउने लक्ष्यका साथ जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा जुलाई २०२३ देखि जुन २०२६ सम्म शहरी पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन परियोजना (Strengthening Urban Preparedness and Emergency Response ( SUPER project) सञ्चालन गर्न प्रारम्भ गरिएको छ । यसले विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकुलनमा नगरपालिका, लक्षित समुदाय र रेडक्रसको क्षमता वृद्धि गर्ने अपेक्षा राखिएको छ। विविध गतिविधिहरुको माध्यमवाट विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकुलन सम्वन्धी क्षमता विकासले विपद प्रतिकार्य क्षमता वृद्धि भई विपदको वेलामा शिघ्र प्रतिकार्यका गतिविधिहरु सञ्चालन गरी जनधनको क्षति कम हुनेछ ।

नगरपालिका, नगरपालिकाका भित्र रहेका वडाहरुका समुदाय/ बस्ती /टोलमा परियोजना कार्यान्वयन गरिने भएकाले स्थानीय सरकार (नगरपालिका र वडा) को भूमिकालाई प्रमुख साझेदारको रुपमा लिइएको छ भने अन्य साझेदारहरु पनि यसमा जोडिएर वहुसाझेदारी पद्धतिमा परियोजना सञ्चालन गरिने छ । परियोजना सञ्चालन गर्दा नगरपालिका र अन्य साझेदारहरुसँग समन्वय, सहकार्य, साझेदारी र सहलगानीमा सञ्चालन गरिने छ। हाल यस नगरपालिकामा विपद व्यवस्थापनसंग जोडिएर काम गर्ने कुनै पनि वाह्य संस्थाहरु नभएकोले पछि त्यस्ता कुनै संघसंस्थाहरु आएमा उनीहरुलाई समेत यो सम्झौतामा वहुसाझेदारी पद्धति अनुसार जोड्न सक्ने गरी चन्दननाथ नगरपालिका र नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखाबीच देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही जुलाई २०२३ देखि जुन २०२६ सम्म साझेदारी, सहकार्य र सह लगानीमा शहरी पुर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन परियोजना ( SUPER Project ) कार्यान्वयन गर्नका लागि यो सहमति पत्रमा हस्ताक्षर गरी चन्दननाथ नगरपालिकाको कार्यालयमा वसी एक एक प्रति लियौं दियौं ।

## परियोजना कार्यान्वयनमा साझा सहमतीका आधारभूत वुंदाहरु

**१.समन्वय र संचार::**

यो परियोजना सञ्चालनको आधारस्तम्भ समन्वय र संचार हो । हरेक गतिविधिहरु सञ्चालन गर्नु पूर्वदेखि लिएर सम्पन्न गरे पश्चात्सम्म समन्वय र प्रभावकारी संचार सबै साझेदार निकायहरु र समुदायसँग गर्नुपर्ने हुन्छ । यो परियोजनाका लक्षित उद्देश्यहरु प्राप्तिका लागि सबै साझेदार निकायहरुले अपनत्व लिन र सामूहिक प्रयास (आर्थिक, प्राविधिक) का लागि यो परियोजनाले समन्वयलाई पहिलो प्राथमिकता दिने छ ।

**२. स्थानीय श्रोत परिचालन:** परियोजनाले प्रक्षेपण गरेका उद्देश्यहरु प्रभावकारी रुपमा प्राप्त गर्न र विपद् जोखिम न्यूनीकरणलाई नगरपालिकाले दीगोपना दिन हरेक गतिविधिहरुमा स्थानीय श्रोत परिचालनलाई आधारभूत विषयको रुपमा लिएको छ। विपद् पूर्व या विपद् पश्चात् दुवै चरणमा परियोजनाका गतिविधिहरु स्थानीय श्रोत परिचालनबाट मात्र दीगो र प्रभावकारी हुने भएकोले नगरपालिका, वडा, टोल सुधार समितिहरु, वन उपभोक्ता समितिहरु, खानेपानी उपभोक्ता समितिहरु र समुदायले मानवीय, आर्थिक र सामाजिक संसाधनहरुको अधिकतम परिचालन र प्रयोग परियोजनामा गर्नेछन् ।

राजु सिंह कठायत
नगर प्रमुख

**३. बहु-साझेदारी:** विपद् जोखिम न्यूनीकरणको महत्वपूर्ण र यस परियोजनाले आत्मसात गरेको विषय बहु-साझेदारी हो । स्थानीय नगरपालिका र वडाको नेतृत्वमा यस परियोजनामा साझेदार निकायहरुबाट तय गरिएका गतिविधिहरु सञ्चालन गरिनेछ । संरचनागत अल्पीकरण, क्षमता विकास र जनचेतनामुलक गतिविधिहरुमा आर्थिक एवं प्राविधिक साझेदारी हुनेछ ।

**४. दिगोपना:** यो परियोजना विशेषत: नगरपालिकाको विपद् जोखिम न्यूनीकरणलाई दिगोपना दिने उद्देश्यले सञ्चालन हुनेछ । नीति, निर्देशिका विकास, संस्थागत संरचना विकास, सचेतना अभिवृद्धि, क्षमता विकास, सीप विकास, र संरचना निर्माण जस्ता गतिधिहरुका माध्यमवाट, विपद् जोखिम न्यूनीकरण, विपद पूर्व तयारी र प्रतिकार्य क्षमताको प्रवर्द्धन गरिने छ । यसले कार्यगत क्षमताको निरन्तरता स्वःस्फुर्त रुपमा सञ्चालन भई सम्भावित विपद्को सामना गरी मानवीय तथा भौतिक क्षतिमा कमी आउनेछ ।

**५. गुणस्तरीयता:** योजना गरिएका गतिविधिहरुलाई साझेदारहरुको साझा निष्कर्ष र निर्णयमा कार्यान्वयन गरिएका नीति नियम र प्रक्रियागत तरिकाबाट सम्पन्न गर्दै प्राविधिक पक्षलाई समेत ध्यानमा राखी गुणस्तरीयता कायम गरिनेछ ।

**६. पारदर्शिता:** हरेक गतिविधिहरुलाई सरोकारवाला निकायहरु र लाभान्वित वर्गमा गतिविधि सञ्चालन गर्नु अगावै जानकारी एवं आवश्यक छलफल गरी संचारका साधनहरु मार्फत पैरवी गरिने छ । यस परियोजनाका गतिविधिहरु सञ्चालन गर्दा आर्थिक पारदर्शितालाई नीति नियममा रही सञ्चालन गरिनेछ । परियोजनाको वार्षिक रुपमा सामाजिक परीक्षण गरिनेछ ।

**७. समावेशी सहभागिता:** परियोजनाका गतिविधिहरुमा समुदायका मानिसहरुको समावेशी सहभागिता र निर्णय प्रक्रियामा साझेदार निकायहरुको साझा सहभागितालाई आत्मसाथ गरिनेछ ।

**८. स्थानीयकरण:** स्थानीय सरकारले स्थानीयकरणका लागि तय गरिएका नीति, नियम र योजनाका आधारमा परियोजनाका गतिविधिहरु सञ्चालन हुनेछन । क्षमता विकास, जोखिम न्यूनीकरण र दीगोपनालाई स्थानीयकरणको अभिन्न अँगको रुपमा लिइनेछ ।

**९. द्वन्द व्यवस्थापन:** परियोजना सञ्चालनको दौरानमा कुनै किसिमको मनमुटाव, असमझदारी र असहमती उत्पन्न भएमा नगरपालिका, परियोजना व्यवस्थापन समिति र नेरेसोको पहलमा सम्बन्धित पक्षहरु समेतको वैठक वसी निराकरण गरिने छ । समुदायको सर्वोत्तम हित र मानवीय सहायता आचारसंहिताको पालना नै सर्वोपरी मानिनेछ ।

**१०. वजेटको वाँडफाँड तथा सह लगानी** : साझेदारी र सहलगानीमा सञ्चालन गरिने गतिविधिहरु र कसले कति लगानी गर्ने कुरा यसै सहमती पत्रमा प्रष्ट हुने गरी तालिकीकरण गरिने छ ।

**११. संशोधन** : वार्षिक रुपमा गतिविधिहरु सञ्चालन गर्दा आवश्यकताको आधारमा संशोधन गरी थप गतिविधिहरु सञ्चालन गर्न सकिने छ ।

**१२. योगदानको विवरण अद्यावधिक गर्ने** : यस सहमति पत्रमा हस्ताक्षर गर्ने साझेदार निकायहरु बाहेक अन्य निकाय/संस्थाबाट आगामी दिनहरुमा थप विपद जोखिम न्यूनीकरणका गतिविधिहरु सञ्चालनमा श्रोत/बजेट व्यवस्था भएमा आर्थिक योगदानको विवरण अनुसार अद्यावधिक गर्दै लगिने छ ।

**१३. परियोजना व्यवस्थापन समिति** : यो परियोजना कार्यान्वयनको लागि परियोजना दस्तावेजमा व्यवस्था भए अनुसार नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जुम्ला अन्तर्गत रहने गरी निम्नानुसार परियोजना व्यवस्थापन समितिको व्यवस्था गरिएको छ

| | | |
|---|---|---|
| क) नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जुम्लाको प्रतिनिधि | १ जना | संयोजक |
| ख) चन्दननाथ नगरपालिका विपद व्यवस्थापन सम्वद्ध प्रतिनिधि | २ जना | सदस्य |
| ग) नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश तोकिएका कर्मचारी | १ जना | सदस्य |
| घ) नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला परियोजना अधिकृत | १ जना | सदस्य सचिव |

**१४. सम्झौता लागु हुने** : यो सहमती सम्झौता भएको मितिदेखि लागु हुनेछ ।

राजु सिंह कठायत
नगर प्रमुख

**१५. आर्थिक तथा प्राविधिक योगदान :** दुवै पक्षवाट सहमती गरिएका आर्थिक तथा प्राविधिक योगदान नेपाल रेडक्रस सोसाइटीबाट रु. २०,२३,३,९५१ र चन्दननाथ नगरपालिकाबाट रु.९,७०,०००। गरी जम्मा २,१२,७३,९५१। रकम रहेको छ नगरपालिकाको निर्णय अनुसार लागत साझेदारी गर्नु परेमा दुई पक्षको समझदारीमा आवश्यकता अनुसार थप गर्न सकिने छ। गतिविधिहरु अनुसारको विवरण यसैसाथ संलग्न रहेको छ।

## परियोजना कार्यान्वयनमा दुई पक्षीय सहमतिका वुंदाहरु

चन्दननाथ नगरपालिका (यसपछि पहिलो पक्ष भनिएको ) र नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखा (यस पछि दोस्रो पक्ष भनिएको) बीचको दुई पक्षिय सहमतिका वुदाहरु देहाय वमोजिम रहेका छन।

### पहिलो पक्षको भूमिका तथा जिम्मेवारीहरु

१) नगरपालिकाभित्र विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

२) पहिलो पक्ष वा अन्य संघ संस्थाबाट विपद जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकुलन सम्वन्धी गतिविधिहरु सञ्चालन गर्दा ( शहरी पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन परियोजना (Strengthening Urban Preparedness and Emergency Response – SUPER Project) को लक्ष्य अनुरुप मेल खाने गतिवधिहरुमा दोहोरो नपर्ने गरी एकद्धार प्रणाली अनुरुप कार्य गर्न साझेदारी तथा सहजीकरण गर्ने ।

३) कार्यक्रमका गतिविधिहरुको प्रभावकारिताको लागि नगरपालिकाको आवधिक तथा दीर्घकालिन योजनामा समेत विपद् जोखीम न्यूनिकरणका लागि बजेट विनियोजन गरी गतिविधि सञ्चालन गर्ने कार्यलाई निन्तरता दिइने छ ।

४) कार्यक्रमको आवधिक समिक्षा बैठककमा आवश्यकता अनुसार सहभागिता जनाउने र पहिलो पक्षबाट विपद जोखिम न्यूनीकरण र जलवायू परिवर्तन सम्वन्धी भए गरेका गतिविधिहरुका वारेमा जानकारी गराउने।

५) कार्यक्रम संचालनको क्रममा आई परेका समस्या एवं चुनौतिहरुको समाधानमा सहयोग उपलब्ध गराउने।

६) समय समयमा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण उपलव्ध गराउने।

७) विपद् जोखीम न्यूनिरकणका गतिविधिहरुको प्रभावकारी कार्यान्वयन र दिगोपनाको लागि थप आवश्यक पर्ने ऐन, नीति, निर्देशिका आदि तयार गरी कार्यान्वयनमा ल्याउने।

८) पहिलो पक्षको विपद् जोखिम न्यूनिरकण क्षमता विकासका लागि लक्षित गरी आयोजना गरिने तालिम, कार्यशाला, कृतिम घटना अभ्यास, बैठक आदिमा पहिलो पक्षको सहभागिताको सुनिश्चितता गरिनेछ।

९) दोस्रो पक्षका गतिविधिहरुमा आवश्यकतानुसार सहलगानीको लागि वजेट विनियोजन गर्ने र सोको कार्यान्वयनको सुनिश्चितता गर्ने।

१०) विपद जोखिम न्यूनीकरणका लागि निर्माण गरिने संरचनाहरुको लागि जम्मा लागतको कम्तीमा ५०% लगानीको सुनिश्चितता गर्ने।

राजु सिंह कठायत
नगर प्रमुख

११) दोस्रो पक्षको कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरु नगरपालिकाको अन्य वडाहरुमा लागु गर्ने गरी योजनाहरु तयार गरिने छ ।

१२) कार्यक्रमको दीगोपनाको लागि आवश्यक कार्य गर्ने ।

**दोस्रो पक्षको भूमिका तथा जिम्मेवारीहरुः**

१) ५ जनाको परियोजना व्यवस्थापन समितिमा पहिलो पक्षवाट विपद व्यवस्थापन विभाग प्रमुख वा विपद हेर्न तोकिएका प्रमुख व्यक्ति र नगरपालिकाबाट तोकेको प्रतिनीधी गरी २ जना प्रतिनिधि समावेश गरिने छ ।

२) दोस्रो पक्षले नगरपालिका क्षेत्रमा सञ्चालन गर्ने कुनै पनि गतिविधिहरुमा पहिलो पक्ष तथा वडा कार्यालयहरुसँगको समन्वय, सहकार्य र सहभागितामा कार्यान्वयन गर्नुपर्ने छ ।

३) शहरी विपद् जोखिम न्युनिकरण र प्रतिकार्य गतिविधिहरुलाई संस्थागत गर्नका लागि पहिलो पक्षको प्राथमिकता क्षेत्र र अपनाएको रणनीतिमा सहयोग गरिने छ ।

४) विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन र जलवायू परिवर्तनको नीतिगत दस्तावेजहरु तयार गर्नका लागि सहजीकरण तथा सहयोग गरिने छ ।

५) कार्यक्रमको अवधिमा सञ्चालन गरिने गतिविधिहरुको जानकारी पहिलो पक्षलाई गराईनेछ साथै सम्भावित गतिविधिहरुमा पहिलो पक्षसँग साझेदारीका आधारमा कार्यगर्न सम्भावनाको खोजी गरिने छ ।

६) कार्यक्रमको स्वीकृत बजेटको विवरण पहिलो पक्षलाई उपलब्ध गराइने छ ।

७)। गतिविधिहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने प्रशासनिक खर्चको व्यवस्था दोस्रो पक्षले गर्ने छ ।

८) कार्यक्रमको आवधिक प्रतिवेदन तयार गरी पहिलो पक्षलाई उपलव्ध गराईने छ ।

९) समुदाय स्तरमा सञ्चालन गरिएका गतिविधिहरुको अनुगमन तथा सुपरीवेक्षणका लागि पहिलो पक्षलाई अनुरोध गरी संयुक्त अनुगमनको व्यवस्था मिलाईने छ ।

१०) समुदायको आवश्यकता अनुसारको कार्यक्रम गर्नका लागि पहिलो पक्षले उपलव्ध गराएका सुझावहरुलाई कार्ययोजनाको सिमाभित्र रहेर कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ ।

११) पहिलो पक्षले आयोजना गर्ने समीक्षा, सार्वजनिक लेखा परीक्षण, खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाइ कार्यक्रममा दोस्रो पक्षको सहभागिता रहने छ ।

**चन्दनाथ नगरपालिका जुम्लाको तर्फबाटः**

हस्ताक्षरः
नामः राजुसिंह कठायत
पदः नगर प्रमुख
मितिः २०८०/०६/७

छाप

**नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखाको तर्फबाटः**

हस्ताक्षरः ......................
नामः लोकदर्शन श्रेष्ठ
पदः सभापति
मितिः २०८०/०६/७
छाप

# साक्षी

चन्दननाथ नगरपालिकाको तर्फबाटः

हस्ताक्षरः
नामः खडानन्द चौलागाईं
पदः नि.प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८०/०६/०७

१.नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयको तर्फबाटः

हस्ताक्षरः
नामः रेशम खड्का
पदः विपद् सम्पर्क व्यक्ति
मितिः २०८०/०६/०७

२. चन्दननाथ नगरपालिकाको तर्फबाटः

हस्ताक्षरः
नामः लोकेन्द्र मेहत
पद : ईन्जिनियर
मितिः २०८०/०६/०७

२.नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जुम्लाको तर्फवाट

हस्ताक्षरः
नामः इश्वरा सुवेदी
पदः जिल्ला परियोजना अधिकृत
मितिः २०८०/०६/०७